नेपाल सरकार

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

संस्कृति महाशाखा

सिंहदरबार

# पुष्पलाल राष्ट्रिय पुरस्कार सम्बन्धी सूचना

चालु आ.व. २०७२/७३ को स्वीकृति वार्षिक कार्यक्रम बमोजिम देहायका विधामा एक-एक लाख रुपैयाको **"पुष्पलाल राष्ट्रिय पुरस्कार"** प्रदान गरिने हुँदा पुष्पलाल राष्ट्रिय पुरस्कारको लागि तीन फरक फरक क्षेत्रका व्यक्ति तथा संस्थाहरूले निम्न प्रक्रिया बमोजिम यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र स्रष्टाको विशेष क्षेत्र किटान गरी यस मन्त्रालयको संस्कृति महाशाखा वा पुष्पलाल स्मृति प्रतिष्ठान किर्तिपुर - ८, चम्पादेवी काठमाडौंमा आवेदन / सिफारिस पेश गर्न आह्वान गरिन्छ । मापदण्ड तथा कार्यबिधि यस मन्त्रालयको Website **www.tourism.gov.np** मा राखिएको छ । पुरस्कार सम्बन्धी विस्तृत जानकारीका लागि यस मन्त्रालयको फोन नं.०१-४२११६२८ पुष्पलाल प्रतिष्ठानको फोन नं. ४३३२०७७ मा सम्पर्क राख्न सकिने छ ।

## १. पुरस्कार विषय क्षेत्र

**क) राजनीतिक/ सैद्धान्तिक**

मुलुकमा प्रगतिशील राजनीति परिवर्तनका निम्ति गरिएका महत्वपूर्ण योगदान तथा पुष्पलालले अगाडि सारेका राजनीतिक ,सिद्धान्त एवं कार्यक्रमहरूको कार्यान्वयनका निम्ति विशेष योगदान एवं सहयोग र राजनीतिकशास्त्र, दर्शनशास्त्र, समाजशास्त्र, अर्थशास्त्र विषयमा खोज अनुसन्धान र लेखन कार्य मार्फत नेपाली समाजको प्रगतिशील परिवर्तनका निम्ति गरिएका महत्वपूर्ण योगदान ।

**ख) इतिहास :**

नेपाली समाजको इतिहास, नेपालका राजनीतिक समाजको इतिहास र नेपाली कम्युनिष्ट आन्दोलनको इतिहास सम्बन्धी खोज अनुसन्धान र लेखन कार्य मार्फत गरिएका योगदान ।

**ग) साहित्य, संस्कृति र विज्ञान :**

प्रगतिशील साहित्य सिर्जना र नेपाली समाजका सांस्कृतिक पक्षको खोज अनुसन्धान एवं लेखन र विज्ञान प्रविधिको क्षेत्रमा गरिएका खोज, अनुसन्धान एवं लेखन कार्य ।

## २. आवेदन दिंदा वा सिफारिस गर्दा संलग्न राख्नु पर्ने विवरण र कागजातहरू:

क) व्यक्ति/संस्थाको विवरणः नाम, स्थायी, अस्थायी र सम्पर्क ठेगाना, फ्याक्स, पो.ब. नं., मोबाइल नम्बर

ख) प्रकाशित उत्कृष्ट कृतिहरूको विवरण (सम्भव भए कृतिहरू सहित)

ग) अन्य सामग्री, प्रकाशन, कागजातहरु भए सो समेत ।